बैठक संख्याः १२

मितिः२०८१/०९/०५

समयःदिउसोः ११:०० बजे

सिंजा गाउँपालिका नराकोट, जुम्ला

उपरोक्त मिति, समय र स्थानमा सिंजा गाउँपालिकाका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठक देहाय बमोजिम निर्णय गरियो

तपसिल

| सि.नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २ | उपाध्यक्ष का.वा. अध्यक्ष | सितली रोकाया | | |
| ३ | वडा नं.१ अध्यक्ष | हरिन्द आचार्य | | |
| ४ | वडा नं.२ अध्यक्ष | तिर्थ वड | | |
| ५ | वडा नं.३ अध्यक्ष | सुरथ बहादुर रावत | | |
| ६ | वडा नं.४ अध्यक्ष | रन्जित बुढा | | |
| ७ | वडा नं.५ अध्यक्ष | कृष्ण बहादुर रोकाया | | |
| ८ | वडा नं.६ अध्यक्ष | लाल बहादुर बुढा | | |
| ९ | कार्यपालिका सदस्य | राजपुरा दमाई | | |
| १० | कार्यपालिका सदस्य | रुपकेउडा विष्ट | | |
| ११ | कार्यपालिका सदस्य | दन्ता कामी | | |
| १२ | कार्यपालिका सदस्य | मागी वड | | |
| १३ | कार्यपालिका सदस्य | हरिचन्द्र सार्की | | |
| १४ | कार्यपालिका सदस्य | मोती दमाई | | |
| १५ | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | टेक बहादुर शाही | | |

निर्णय नं १,प्रस्ताव नं १ मा छलफल गर्दा आ.ब. २०८२।०८३ का लागी संघीय सरकार समपुरक अनुदान बाट निर्माण हुने निम्न अनुसार योजना छनोट गरी पठाउने निर्णय गरियो ।

तपशिलः

१ सिंजा गाउँपालिका वडा नं ५ र ६ मा शित गृह(cold store) निर्माण ।

२ सिंजा गाउँपालिका वडा नं १झिम्रिकुना देखी वडा नं २ हुंदै वडा नं ३ कडेगाड सम्म तटबन्दन निर्माण ।

३ सिंजा गाउँपालिका वडा नं ३ कोटेसाँघु पक्की पुल निर्माण ।

४ सिंजा गाउँपालिका वडा नं ३ साङ्टाखोला देखी वडा नं ४ केदारनाथ सम्म सडक निर्माण ।

५ सिंजा गाउँपालिका वडा नं १ को वडा कार्यलय निर्माण ।

निर्णय नं २,प्रस्ताव नं २ मा छलफल गर्दा आ.ब.२०८२।०८३ मा संघीय सरकार बाट बिशेष अनुदान तर्फ निर्माण हुने निम्न अनुसार योजनाहरु माग गरी पठाउने निर्णय गरियो ।

१ सिंजा गाउँपालिका वडा नं ४ बारेगाउँ एक घर एक धारा खानेपानी निर्माण ।

२ सिंजा गाउँपालिका वडा नं ३ मा फोहोरमैला ब्यवस्थापन केन्द्र निर्माण ।

३ सिंजा गाउँपालिका भित्रका दलित समुदायहरुलाई सिप बिकास तलिम संचालन गर्ने ।

४ सिंजा गाउँपालिका वडा नं २ र ६ मा बर्थिङसेन्टर र सुत्केरी न्यानोघर भवन निर्माण ।

५ सिंजा गाउँपालिका वडा नं ५ अन्तरगत स्याउलेमा बिद्यालय भवन निर्माण ।

निर्णय नं ३,प्रस्ताव नं ३ मा छलफल गर्दा देहाय वमोजिमका कार्यबिधिहरु पारित गर्ने निर्णय गरियो ।

क) सिंजा गाउँपालिकाको गुनासो सुनुवाई कार्यबिधि २०८१ ।

ख) स्थानिय तहको योजना प्रकृयामा यूवा सहभागिता सम्वन्धी कार्यबिधि २०८१ ।

निर्णय न ४,प्रस्ताव नं ४ मा छलफल गर्दा आब २०८१।०८२ मा निम्न अनुसार योजनाहरु अनुगमन गर्दा कार्यसम्पन्न भएकाले फरफराकका लागी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

क) सिंजा गाउँपालिका वडा नं १ मौरेखाडा जाँच डिग्रा खानेपानी योजना ।

ख) सिंजा गाउँपालिका वडा नं २ मा संचालित खस संग्रहालय भवन निर्माण ।

ग) सिंजा गाउँपालिका वडा नं २ को राजमार्ग देखीअगस्तिवाडा सम्म सडक स्तरबृधि ग्याविङवाल निर्माण ।

निर्णय नं ५,प्रस्तावन ५ मा छलफल गर्दा चालु आब २०८१।०८२ को मंशिर महिनाको आय ब्यायको बिवरण तपशिल अनुसार उल्लेख गरी सूचना पाटी तथा वईभ साईटमा समेत राखी सार्वजनिक गर्ने निर्णय गरियो ।

तपशिलः

क)आम्दानी तर्फ रु ९९८६६९८।

ख)खर्च तर्फ चालु रु १२८१०६२८ पूजिगत तर्फ रु १५०११९ ।गरी जम्मा खर्च १२९६०७४७।

निर्णय नं ६,प्रस्ताव नं ६ मा छलफल गर्दा अख्तियार दूरुपयोग अनुसन्धान आयोगबाट प्राप्त परिपत्र अनुसार सूझाव र निर्देशन हरुलाई नियमित रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं ७,प्रस्ताव नं ७ मा छलफल गर्दा सिंजा गाउँपालिकाको तर्फबाट अन्य स्थनिय तह र कार्यालयहरु संग समन्वय गर्नका लागी देहाय बमोजिमको स्थानिय समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

तपहिलः

१) सिंजा गाउँपालिका वडा नं २ का वडाध्यक्ष श्री तिर्थ वड संयोजक
२) सिंजा गाउँपालिका वडा नं ३ का वडा सदस्य स्वामी प्रसाद उपाध्याय सदस्य
३) सिंजा गाउँपालिका वडा नं ५ का वडा सदस्य हंस बुढा सदस्य

निर्णय नं ८,प्रस्ताव नं ८ मा छलफल गर्दा यस अघी कार्यापालिकको बैठकमा भएका निर्णय हरुलाई नियमानुसार तदारुपताका साथ कार्यन्वयन गर्ने निर्णय गरियो ।